# फाल्गुनन्द गाउँ कार्यपालिका बैठक

आ.व. २०७९/८० को बैठक संख्याः ०२

मिति २०७९/०५/२६ गते

फाल्गुनन्द गाउँपालिका गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ को दफा १० बमोजिम गाउँ कार्यपालिकाका अध्यक्ष श्री बृज हाङ आङदेम्बेज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बैठक बसि देहाय अनुसार निर्णयहरु गरियो।

तपशिलः

अध्यक्ष श्री बृज हाङ आङदेम्बे

उपाध्यक्ष श्री ठाकुर सिं नेम्बाङ

वडा अध्यक्ष श्री होम प्रसाद आङ्देम्बे

वडा अध्यक्ष श्री सन्तोष कुमार नेम्बाङ

वडा अध्यक्ष श्री सुखवीर नेम्बाङ

वडा अध्यक्ष श्री दल वहादुर नेम्बाङ

वडा अध्यक्ष श्री विष्णु कुमार चेम्जोङ

वडा अध्यक्ष श्री नारायण प्रसाद आङ्देम्बे

वडा अध्यक्ष श्री देउ कुमार आङदेम्बे

सदस्य श्री विमला लिम्बू

सदस्य श्री आइतमायाँ लिम्बू

सदस्य श्री कमला पराजुली दुलाल

सदस्य श्री हर्कमायाँ नेपाली

सदस्य श्री टंक परियार

सदस्य श्री जसिमायाँ कमिनी

सदस्य-सचिव श्री निर्मल तुम्रोक

| | |
|---|---|
| प्रस्ताव नं. १. | अघिल्लो कार्यपालिकाको निर्णयको समिक्षा सम्बन्धमा । |
| निर्णय नं. १. | यस गाउँपालिकाको मिति २०७९/०४/१६ गते बसेको कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यन्वयन पक्ष सन्तोषजनक मात्र देखियो । आगामी दिनमा निर्णयहरुको कार्यन्वयन पाटोलाई तदारुकताका साथ जोड दिने निर्णय सर्वसम्मत रुपमा पारित गरियो । |
| प्रस्ताव नं. २. | सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन सम्बन्धमा । |
| निर्णय नं. २. | नेपाल सरकारको सहयोगमा सञ्चालन भइरहेको सुरक्षित आप्रवासन कार्यक्रम गत आ.व. सम्म सहयोगी संस्था मार्फत सञ्चालन भइरहेकोमा चालु आ.व. २०७९/८० देखि गाउँपालिकाले आफै सञ्चालन गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो । |
| प्रस्ताव नं. ३. | आ.व.२०७९/८० को मेडपा कार्यक्रम सञ्चालन सम्बन्धमा । |
| निर्णय नं. ३. | चालु आ.व. २०७९/८० को गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) यस गाउँपालिकाको वडा नं. ६ र ७ मा सञ्चालन गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो साथै मन्त्रालयबाट पत्राचार भए बमोजिम साविक कै उद्यम विकास सहजकर्ताहरुको करारलाई थप गरी निरन्तरता दिने सर्वसम्मत रुपमा निर्णय गरियो । |
| प्रस्ताव नं. ४. | वडा नं. ३ को फलाटे खहरे झोपुको थप इस्टिमेट सम्बन्धमा । |
| निर्णय नं. ४. | यस गाउँपालिकाको वडा नं. ३ र ४ स्थित निर्माणाधिन झोलुङ्गे पुलमा तारजाली नपुगेकोले आवत जावत गर्न कठिनाई सिर्जना भएको देखिएकोले सशर्त खर्चबाट व्यहोर्ने गरी उक्त<br>नपुग थप इस्टिमेट रु. १९९९०८.७१ (अक्षरुपी एक लाख उनन्सय हजार नौ सय आठ पैसा एकहत्तर मात्र) स्वीकृत गरी थप काम उपभोक्ता समिति मार्फत अगाडी बढाउने सर्वसम्मत रुपमा निर्णय गरियो । |
| प्रस्ताव नं. ५. | भूउपयोग वर्गिकरण कार्यान्वयन सम्बन्धमा । |
| निर्णय नं. ५. | चालु आ.व. २०७९/८० देखि भूउपयोग बर्गिकरण नगरी मालपोत सम्बन्धी कामकाज अगाडी बढाउन नसकिने र सरकारबाट नै नयाँ भूउपयोग वर्गिकरण गर्नु पर्ने कानूनी व्यवस्था भइ आएकोले गाउँपालकाको आफ्नो दक्ष जनशक्ति नभएको कारणले परामर्श सेवा मार्फत भूउपयोग वर्गिकरण कार्यलाई अगाडी बढाउने सर्वसम्मत रुपमा निर्णय गरियो । |
| प्रस्ताव नं. ६. | NTC को टावर राख्न नेपाल टेलिकमलाई पत्राचार गर्ने सम्वन्धमा । |
| निर्णय नं. ६. | यस गाउँपालिकाको वडा नं. ३, को, गुम्बाडाँडा स्थित नेपाल टेलिकमलाई टावर राख्नको निम्ति आवश्यक व्यवस्थापन गर्नको लागि पत्राचार गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो। |
| प्रस्ताव नं. ७. | वडा नं ३ को वडा सचिवको सम्बन्धमा । |
| निर्णय नं. ७. | नेपाल सरकार गृह मन्त्रालय पञ्जीकरण विभागवाट स्थायी कर्मचारीहरुलाई मात्र पञ्जीकरणको जिम्मेवारी सहित वडा सचिव तोक्नु पर्ने भनि लेखि आएको हुँदा वडा नं. ३ को वडा सचिवको जिम्मेवारी राजेन्द्र राज लुईटेल क.सं. नं.......................लाई दिने सर्वसम्मत रुपमा निर्णय गरियो । |
| | |

| | |
|---|---|
| प्रस्ताव नं. ८. | राजस्व सुधार कार्यान्वयन योजना सम्बन्धमा । |
| निर्णय नं. ८. | प्रत्येक वडाबाट व्यावसाय कर्ताहरुको अनिवार्य फर्म दर्ता गर्ने र नियमित नविकरण गर्ने तथा साविक भइरहेको कर उठाउन नियमित रुपमा लागि पर्ने साथै गाउँपालिकाको आन्तरिक आय वृद्धि गर्नका लागि राजस्व सुधार गर्न आवश्यक देखिएकोले परामर्श सेवा मार्फत राजस्व सुधार योजना अगाडी बढाउने सर्वसम्मत रुपमा निर्णय गरियो । |
| प्रस्ताव नं. ९. | उपभोक्ता समिति गठन र अनुशिक्षण सम्वन्धमा । |
| निर्णय नं. ९. | गाउँपालिको रातो कितावमा उल्लेख भए अनुसारका योजनाहरु सञ्चालनलाई प्राथमिकताका साथ अगाडी बढाउने निर्णय गरियो । उक्त रातो किताबका भएको चौमासिक वजेट ब्रेकडाउन अनुसार उपभोक्ता समिति गठन गर्ने र गाउँपालिकामा जानकारी गरी अनुशिक्षण कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो । |
| प्रस्ताव नं. १०. | बाल विकास शिक्षकहरुको छुट तलब सम्बन्धमा । |
| निर्णय नं. १०. | बाल विकास सहजकर्ताहरुलाई गत आ.व. देखि गाउँपालिकाको तर्फबाट प्रदान गरिदै आएको रु. ७००० थप तलव छुटिएकोले आगामी गाउँसभाबाट अनुमोदन हुने गरी थप रकमलाई निरन्तरता दिने सर्वसम्मत रुपमा निर्णय गरियो । |
| प्रस्ताव नं.११. | गत आ.व. २०७८/७९ छुट योजनाहरुको भुक्तानी सम्बन्धमा । |
| निर्णय नं.११. | गत आ.व. २०७८/७९ मा कार्य सम्पन्न भइ विविध कारणवस भुक्तानी दिन बाँकी तपशिल बमोजिमको योजनाहरुको भुक्तानी प्रकृया अगाडी बढाउने सर्वसम्मत रुपमा निर्णय गरियो ।<br>तपशिलः<br>१. सिंह देवी मन्दीर घेराबारा, फाल्गुनन्द-३, रु. १,००,०००।—<br>२. आलु जोन साझेदारी रकम, फाल्गुनन्द-३, रु. २१,००,०००।—<br>३. अधेरी खोल्सी सुसुवा खोला साना सिंचाइ आयोजना, फाल्गुनन्द-२, रु.................।—<br>४. आहालडाँडा पावर हाउस मो.बा. सोलिङ सोलिङ, फाल्गुनन्द-७,रु. १,००,०००।- |
| प्रस्ताव नं.१२. | निबुखोलामा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गर्नको लागि वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने सम्बन्धमा । |
| निर्णय नं.१२. | यस गाउँपालिकाको निबुखोलाको विभिन्न स्थानहरुबाट अनियमित रुपमा ढुङ्गा, गिट्टी बालुवा उत्खनन् भइरहेकोले उक्त उत्खनन् कार्यलाई बन्द गर्ने र बालुवा उत्खननका लागि वातावरण अध्ययन प्रतिवेदन तयार गरेर मात्र उत्खनन् गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो । |
| प्रस्ताव नं.१३. | बोतल संकलन गर्ने र ल्याण्डफिल्ड साइड सम्बन्धमा । |
| निर्णय नं.१३. | बजार पसल तथा अन्य क्षेत्रहरुमा प्रयोग भएर फालिएका सिसाजन्य बोतलहरुलाई प्रत्येक वडा कार्यालयहरुले निश्चित स्थान तोकेर संकलन गर्ने व्यवस्था गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो । साथै घुर्विसे पंचमी बजारको लागि ल्याण्डफिल्ड क्षेत्र तोक्न वडा नं. ५ का वडा अध्यक्षलाई संयोजनको जिम्मा दिने र आगामी कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो । |

| | |
|---|---|
| प्रस्ताव नं.१४. | कर्मचारी पदपुर्ति सम्वन्धमा । |
| निर्णय नं.१४. | गाउँपालिकाका तपशिल बमोजिमका रिक्त पदहरुमा पदपुर्तिको लागि विग्यापन गर्ने निर्णय सर्वसम्मत रुपमा निर्णय पारित गरियो ।<br><br><u>तपशिलः</u><br><br>१. कृषि प्राविधिक, अधिकृत छौठौं, फाल्गुनन्द गाउँपालिका- १ जना<br>२. अमिन,सहायक चौथो/पाँचौ फाल्गुनन्द गाउँपालिका- १ जना<br>३. पशु प्राविधिक (OVOT), सहायक चौथो, फाल्गुनन्द गाउँपालिका- १ जना<br>४. कार्यालय सहयोगी, स्वास्थ्य चौकी नवमीडाँडा- १ जान<br>५. कार्यालय सहयोगी, वडा कार्यालय वडा नं. ३- १ जान |
| प्रस्ताव नं. १५ | मेलमिलापकर्ताको तालिम सम्वन्धमा । |
| निर्णय नं. १५ | उक्त प्रस्तावमाथी छलफल गर्दा यस गाँउपालिकामा मेलमिलापकर्ताको ४८ घन्टे तालिम मिति २०७९/०५/३१ देखी २०७९/०६/०६ गते सम्म संचालन गर्ने निर्णय सर्वसम्वत रुपमा गरियो । |